# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २६] काठमाडौं, भदौ २९ गते २०३३ साल [अतिरिक्ताङ्क १८ (क)

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको
### सूचना

राजगुरूज्यू तथा मूल पुरोहितसम्बन्धी (चौथो संशोधन) नियमावली, २०३३

राजगुरूज्यू तथा मूल पुरोहितसम्बन्धी नियमावली, २०२६ (यसपछि "मूल नियमावली" भनिएको) मा संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट मन्त्रिपरिषद्को सल्लाह अनुसार देहायबमोजिमको नियमावली बनाइबक्सेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः— (१) यस नियमावलीको नाम "राजगुरूज्यू तथा मूल पुरोहितसम्बन्धी (चौथो संशोधन) नियमावली, २०३३" रहेको छ।

(२) यो नियमावली २०३३ साल श्रावण १ गतेदेखि प्रारम्भ हुनेछ।

२. मूल नियमावलीको नियम ६ मा संशोधनः— मूल नियमावलीको नियम ६ को सट्टा देहायको नियम ६ राखिएको छ।

694

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"६. पारिश्रमिकः राजगुरूज्यू तथा मूल पुरोहितहरूले देहायबमोजिम पारिश्रमिक पाउनेछन्:–

| | |
|---|---|
| (क) बडागुरूज्यू– मासिक रू. | १,९२०।– |
| (ख) नायव बडागुरूज्यू– मासिक रू. | १,५५०।– |
| (ग) मूल पुरोहित– मासिक रू. | १,१७५।– " |

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका सचिव

मुद्रण विभाग

६९६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।